"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

प्रेस विज्ञप्ति

मितिः २०८०/०३/१८

१. ईण्डियन आयल कर्पोरेशन लिमिटेडबाट १ जुलाई, २०२३ (असार १६, २०८०) मा प्राप्त नयाँ खरिद मूल्यसूचीका सन्दर्भमा निगम संचालक समितिको मिति २०८०।०३।१८ गतेको निर्णय अनुसार आज राती १२:०० बजेदेखि लागू हुने गरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोल तथा डिजेल/मट्टितेलमा पहिलो, दोस्रो तथा तेस्रो वर्गका लागि क्रमशः प्रति लिटर रू. ७।५०, रू. ६।०० र रू. ५।०० ले घटाईएको छ। साथै साविकको आन्तरिकतर्फको हवाई इन्धनमा प्रति लिटर रू. १४।०० तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको खुद्रा बिक्री मूल्यमा प्रति किलो लिटर अमेरिकी डलर ११५ (प्रति लिटर करिब रु. १५।००) ले घटाईएको छ।

२. घटेको मूल्य अनुसार निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्म पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ ।

क्र.सं.	पेट्रोलियम पदार्थ	साविकको खुद्रा बिक्री मूल्य (प्रति लिटर/प्रति सिलिण्डर)	मिति २०८०/०३/१८ को राती १२:०० बजेदेखि लागू हुने गरी कायम गरिएको नयाँ खुद्रा बिक्री मूल्य (प्रति लिटर/प्रति सिलिण्डर)		
			पहिलो वर्ग	दोस्रो वर्ग	तेस्रो वर्ग
१.	पेट्रोल	रु. १७५।००	रु. १६७।५०	रु.१६९।००	रु. १७०।००
२.	डिजेल	रु. १५५।००	रु. १४७।५०	रु. १४९।००	रु. १५०।००
३.	मट्टितेल	रु. १५५।००	रु. १४७।५०	रु. १४९।००	रु. १५०।००
४.	हवाई इन्धन (आन्तरिक)	रु. १५०।००	रु. १३६।००		
५.	हवाई इन्धन (अन्तर्राष्ट्रिय)	$ १.१५०	$ १.०३५		
६.	एल. पी. ग्यास (प्रति सिलिण्डर)	रु. १,८००।००	रु. १,८००।००		

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, वीरगञ्ज, अमलेखगंज, भलवारी, नेपालगञ्ज र धनगढी
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल

३. नेपाल सरकारद्वारा उपलब्ध गराईएको ऋण तथा मूल्य स्थिरीकरण कोष लगायतका अन्य दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको भएतापनि आम उपभोक्ताको हितलाई मध्यनजर गर्दै निगमले यो मूल्य समायोजन गरेको जानकारी गराईन्छ ।

धन्यवाद् ।

२०८०।०३।१८

प्रवक्ता